गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रदेश किताबखाना तथा सञ्चार समन्वय शाखा)

पोखरा, नेपाल

मितिः २०८२।०८।१९

**स्थानीय सेवा (अन्य सेवा समेत) को कर्मचारीको वैयक्तिक विवरण फाराम (सिटरोल) दर्ता सम्बन्धी सूचना**

श्री सबै (८५) स्थानीय तहहरू,
गण्डकी प्रदेश ।

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन , २०७९ को दफा १८ (२) बमोजिम कर्मचारीको व्यक्तिगत विवरण स्थानीय तहले आवश्यक कागजात सहित प्रदेश किताबखानामा पठाउनुपर्ने व्यवस्था रहेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (निजामती) र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश बीच प्रदेश सेवा तथा स्थानीय सरकारी सेवा (अन्य सेवा समेत) को कर्मचारी सूचना प्रणाली (PIS Portal) पहुँच हस्तान्तरण सम्बन्धी समझदारीपत्र (MOU) मा हस्ताक्षर भएकोले गण्डकी प्रदेश अन्तर्गतका स्थानीय सरकारी सेवा (अन्य सेवा समेत) का कर्मचारीहरुको वैयक्तिक विवरण (सिटरोल) दर्ता कार्य सुचारू गरिने भएकाले तपशील बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपिहरू सिलसिलेवार रुपमा राखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना तथा सञ्चार समन्वय शाखामा बुझाउनुहुन यो सूचना प्रकाशन गरिएको छ।

### तपशिल

क) स्थानीय सेवा (गठन तथा सञ्चालन), नियमावली, २०८० को अनुसुची- ९ बमोजिमको कर्मचारीको वैयक्तिक विवरण फाराम (सिटरोल) भरी सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरेको चार प्रति।

ख) आवश्यक अन्य कागजातहरू (क्रमशः संलग्न गर्ने)

१. सम्बन्धित कार्यालयबाट सिटरोल दर्ता गरी प्रमाणित गरी दिने भन्ने व्यहोराको पत्र
२. सेवा प्रवेश गर्नुपूर्वको उमेर खुल्ने शैक्षिक योग्यता र राष्ट्रिय परिचयपत्र/नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
३. प्रदेश लोक सेवा आयोगको सिफारिस पत्रको प्रमाणित प्रतिलिपि।
४. स्थायी नियुक्ति हुँदा पेश गरेको निरोगिता र शपथ ग्रहणको प्रमाणित प्रतिलिपि।
५. स्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि।
६. कार्यालयमा स्थायी नियुक्ति पछि सुरुमा हाजिर भएको जानकारी पत्र।
७. तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र अन्य कागजातको प्रतिलिपि। (अनिवार्य छैन)

८. यसअघि सङ्घीय  निजामती सेवा, कुनै पनि प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवामा रही स्थायी पदमा काम गरेको भए सोको विवरण स्पष्टसँग उल्लेख  गरी तत् सम्बन्धी कागजातहरू (नियुक्ती तथा हाजिरी भएको पत्र ) को प्रमाणित प्रतिलिपि।

नोट:

१. सिटरोल दर्ताका लागि पेश गर्दा सम्बन्धित स्थानीय तहले पालिकामा कार्यरत कर्मचारीहरूको सिटरोल फारम एकमुष्ट रुपमा सङ्कलन गरि प्रदेश किताबखानामा बुझाउनु पर्नेछ।

२. सिटरोल फारामको प्रत्येक पेज (फोटो समेत) तथा अन्य कागजपत्रहरुमा अनिवार्य रुपमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरि सहि छाप लगाउनु पर्देछ ।

३. सिटरोल फाराम भर्दा प्रष्टसंग बुझिने गरि लेखु पर्नेछ ।

४. नियुक्ति पश्चात अन्य कार्यालयमा सरुवा भएको भए सरुवा पत्र र हाजिर भएको पत्र संलग्न गर्नु पर्नेछ ।

५. फारममा उल्लेख भएको प्रमाणित गर्ने अधिकारी भन्नाले सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल